गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
सामाजिक विकास युवा तथा खेलकूद मन्त्रालय
एकीकृत सेवा कार्यालय
पर्वत

पत्र संख्या: २०८३/०८४
सूचना नं. ०३ — गण्डकी प्रदेश, नेपाल

**बौद्धिक अंपागता, अटिज्म, मस्तिष्क पक्षघात तथा डाउन सिन्ड्रोम भएका बालबालिकाका अभिभावकले हेरचाह तथा शिक्षण सिकाइ व्यवस्थापनको लागि आर्थिक सहयोग सम्बन्धी सूचना।**

**प्रथम पटक सूचना प्रकाशित मिति- २०८३/०६/०१ गते**

यस कार्यालयको चालु आर्थिक वर्ष २०८३/८४ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश पोखराको मिति २०८३।०५।११ गते (मा.मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत भएको सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालय र मातहातका निकायबाट सञ्चालन हुने वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन मापदण्ड २०८३ बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुन:स्थापना कार्यक्रम(CBR) कार्यक्रम अन्तर्गत **बौद्धिक अंपागता, अटिज्म, मस्तिष्क पक्षघात तथा डाउन सिन्ड्रोम** भएका बालबालिकाका **अभिभावकले हेरचाह तथा शिक्षण सिकाइ** व्यवस्थापनको लागि आर्थिक सहयोग कार्यक्रम अन्तर्गत २०८३/०६/२१ गते सम्म यस कार्यालयमा रीतपुर्वक निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ।

| कार्यक्रम/ क्रियाकलाप | निवेदन पेश गर्नुपर्ने निकाय | संलग्न गर्नुपर्ने कागजातहरु |
|---|---|---|
| अंपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) | एकीकृत सेवा कार्यालय, पर्वत | • स्थानीय तहबाट आर्थिक अवस्था कमजोर भएको सिफारिस<br>• जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि<br>• बालबालिकाले प्राप्त गरेको अंपाङ्गता परिचय पत्र |

नोट – जिल्ला स्थित सिफारिस समितिले छनौट गरेका आधारमा सहयोग रकम उपलब्ध गराइने छ।
थप जानकारीको लागि : एकीकृत सेवा कार्यालय सामाजिक विकास शाखा, प्राविधिक सहायक घनराज के.सी. मोबाइल नं. ९८६८९९६०५६ मा सम्पर्क राख्न सक्नुहुनेछ वा कार्यालयको website : https://isoparbat.gandaki.gov.np वा कार्यालयको फेसबुक पेज : www.facebook.com/isoparbat मा हेर्न सक्नुहुनेछ।

जीवन पौडेल
कार्यालय प्रमुख



CamScanner